"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

# हाम्रो सिद्धलेक

## (स्थानीय विषयको पाठ्यपुस्तक)

## कक्षा १










सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

# सिद्धलेक गाउँपालिका कार्यपालिका सदस्यहरूको विवरण



**परशुराम खतिवडा**
अध्यक्ष



**सबिता अर्याल**
उपाध्यक्ष



**पेमा वाङ्ग्याल लामा**
वडाध्यक्ष वडा न १



**शम्भु गुरुङ**
वडाध्यक्ष वडा न २



**देव बहादुर पुलामी**
वडाध्यक्ष वडा न ३



**झक बहादुर थापा मगर**
वडाध्यक्ष वडा न ४



**बुधे घले**
वडाध्यक्ष वडा न ५



**सुरेन्द्र कुमार मगर**
वडाध्यक्ष वडा न ६



**सानो गिरी**
वडाध्यक्ष वडा न ७



**भगवती तिवारी**
गाउँकार्यपालिका सदस्य



**प्रेम कुमारी थापामगर**
गाउँकार्यपालिका सदस्य



**जुना सार्की**
गाउँकार्यपालिका सदस्य



**लक्ष्मी थपलिया**
गाउँकार्यपालिका सदस्य



**रस्मिता माझी**
गाउँकार्यपालिका सदस्य



**श्याम बहादुर घले**
गाउँकार्यपालिका सदस्य



**अनिशा आचार्य**
सदस्य सचिव/प्र.प्र.अ.

"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"

# हाम्रो सिद्धलेक

## स्थानीय विषयको पाठ्यपुस्तक

## कक्षा १

### स्थानीय पाठ्यपुस्तक निर्माण कार्यदल

| | | |
|---|---|---|
| श्री अनिशा आचार्य | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री टिकाराम अधिकारी | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री नवराज पुरी | शिक्षा अधिकृत | सदस्य |
| श्री शुशिल कुमार शाही | प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री साधुराम ढकाल | प्रा.स. | सदस्य सचिव |

### स्थानीय पाठ्यपुस्तक लेखन कार्यमा संलग्न विज्ञ शिक्षकहरुको नाम

रङ्गनाथ रेग्मी
हिमाल पगेनी
नारायण प्रसाद सिलवाल
टिकादत्त पाण्डे
हरी बहादुर खनाल
नारायण प्रसाद पण्डित
दिपेन्द्र सिलवाल
बम बहादुर थापा मगर
रमा रुपाखेती
सुरेन्द्र सिलवाल
राज कुमार श्रेष्ठ
अमृत कुमार गुरुङ
दर्शन तिमिल्सेना
धुर्ब प्रसाद सिलवाल

रमेश मान श्रेष्ठ
प्रकाश अर्याल
सिताराम न्यौपाने
सञ्जिब रिजाल
लक्ष्मी धिताल
नेत्र बहादुर थापा
राम कुमार श्रेष्ठ
गोमा अर्याल
प्रमोद अर्याल
मिरा गिरि
प्रविन खतिवडा
हेम बहादुर थापा
दिपक श्रेष्ठ
रामजी प्रसाद सिलवाल

जनार्दन नेपाल
महेश कुमार श्रेष्ठ
सुजिता श्रेष्ठ
राज कुमारी श्रेष्ठ
प्रेम बहादुर श्रेष्ठ
अर्जुन प्रसाद सिलवाल
हेमलाल शाक्य
जानुका रिजाल
लाल बहादुर बिक
नारायण प्रसाद कोइराला
ज्योति इच्यारी मंगर
नबिन गिरी
शरण रेग्मी
उपेन्द्र गिरी

ठम बहादुर थापा मगर
चेतनाथ पौड्याल
याम बहादुर मगर
सन्तलाल श्रेष्ठ
हरी प्रसाद पाठक
अनिल अर्याल
नवराज गिरी
राम माया सिलवाल
राजेन्द्र प्रसाद न्यौपाने
सुरेन्द्र रेग्मी
केशव बहादुर रेग्मी
हरि बहादुर सिलवाल
तारा देबी थापा

प्रकाशक

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल




प्रकाशक : सिद्धलेक गाउँपालिका
वुङचुङ, धादिङ

कक्षा : एक (१)

प्रतिलिपि अधिकार : प्रकाशकमा

संस्करण : प्रथम संस्करण २०८३

कम्प्युटर लेआउट : हरि विक्रम विशंखे

मुद्रण : एनी टाइम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा.लि.

(पाठ्यपुस्तकको सम्वन्धमा कुनै सल्लाह सुझाव वा कुनै त्रुटि भएमा लिखित रुपमा edu@siddhalekmun.gov.np मा उपलब्ध गराउनु हुन अनुरोध छ । यहाँहरुको सुझाव अनुसार आगामी संस्करण थप परिमार्जित र परिष्कृत बनाइनेछ ।)

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

# गाउँपालिका अध्यक्षको भनाइ

"शिक्षा केवल ज्ञान आर्जनको माध्यम मात्र नभई समाज, संस्कृति र सभ्यताको हस्तान्तरण गर्ने सशक्त आधार हो। स्थानीय पाठ्यपुस्तक निर्माणको यस अभियानले हाम्रो गाउँपालिकाको मौलिक पहिचान, ऐतिहासिक विरासत, सांस्कृतिक सम्पदा, भाषा, कला, प्राकृतिक स्रोत तथा स्थानीय ज्ञान र सीपलाई विद्यालय शिक्षासँग जोड्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ।"

"कार्यदलका सदस्यहरू तथा विषयविज्ञ शिक्षकहरूको गहन अध्ययन, अनुभव, लगनशीलता र अथक परिश्रमबाट तयार भएको यस स्थानीय पाठ्यपुस्तकले विद्यार्थीहरूमा आफ्नो गाउँ, समाज र संस्कृतिप्रति आत्मीयता, गौरव र जिम्मेवारीबोध विकास गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु। यसले शिक्षण सिकाइ प्रक्रियालाई थप व्यवहारिक, जीवनोपयोगी, सान्दर्भिक र गुणस्तरीय बनाउन समेत सहयोग पुर्‍याउनेछ।"

"स्थानीय सरकारको शिक्षा क्षेत्रप्रतिको प्रतिबद्धतालाई मूर्तरूप दिन तयार गरिएको यस पाठ्यपुस्तक निर्माण कार्यमा संलग्न कार्यदल, विषयविज्ञ शिक्षक, सरोकारवाला निकाय तथा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त गर्दछु। यस पाठ्यपुस्तकले स्थानीय आवश्यकतामा आधारित शिक्षाको विकास, स्थानीय पहिचानको संरक्षण तथा सक्षम, जिम्मेवार र सिर्जनशील नागरिक निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु।"

**परशुराम खतिवडा**

गाउँपालिका अध्यक्ष

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## स्थानीय पाठ्यपुस्तक निर्माण कार्यदल संयोजक/प्रमुख प्रशासकीय अधिकृतको भनाइ

सिद्धलेक गाउँपालिकाको स्थानीय परिवेश, भाषा, संस्कृति तथा मौलिक पहिचानलाई समेट्ने स्थानीय पाठ्यपुस्तक निर्माण कार्यमा अहोरात्र खटिई लेखन तथा सम्पादन प्रक्रियालाई सरल, सहज, मितव्ययी र प्रभावकारी बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने आदरणीय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विज्ञ शिक्षकहरू, कार्यदलका सदस्यहरू तथा यस अभियानमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यहाँहरूको अमूल्य साथ, सहयोग, समन्वय र सद्भावका कारण स्थानीय पाठ्यपुस्तक निर्माण कार्य थप विश्वासिलो, भरपर्दो र गुणस्तरीय बन्न सफल भएको छ। यस पाठ्यपुस्तकले सिद्धलेक गाउँपालिकाभित्रका विद्यार्थी तथा अभिभावकहरूलाई स्थानीय ज्ञान, सीप, संस्कृति र परिवेशबारे थप जानकारी प्रदान गर्दै शैक्षिक उपलब्धि अभिवृद्धिमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा लिएका छौँ।

आगामी संस्करणहरूमा समेत यही प्रकारको सहयोग, सुझाव र सद्भाव प्राप्त हुने विश्वासका साथ यहाँहरूको निरन्तर साथ र सहयोगप्रति पुनः हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछौँ।

**अनिशा आचार्य**
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**एकाई एक : परिचय ........................................ १**

पाठ १ : सिद्धलेक गाउँपालिकाको परिचय ........................................ १

पाठ २ : गाउँपालिकाको भौगोलिक र राजनैतिक विभाजन ........................................ ३

**एकाई दुई : प्राकृतिक स्रोत सम्पदा र वातावरण संरक्षण ........................................ ४**

पाठ १ : स्थानीय बोटविरूवा ........................................ ४

पाठ २ : स्थानीय जीवजन्तु ........................................ ७

पाठ ३ : जलस्रोत ........................................ ९

पाठ ४ : फोहोरमैला व्यवस्थापन ........................................ ११

**एकाई तीन : प्रकोप र विपद् व्यस्थापन ........................................ १३**

पाठ १ : प्राकृतिक र मानव निर्मित प्रकोप ........................................ १३

**एकाई चार : धार्मिक एतिहासिक तथा पर्यटकीय स्थल ........................................ १५**

पाठ १ : स्थानीय धार्मिक तथा एतिहासिक स्थलहरू ........................................ १५

**एकाई पाँच : स्थानीय भाषा जातजाति भेषभुषा चाडपर्व र संस्कृति ........................................ १८**

पाठ १ : स्थानीय जातजातिहरू ........................................ १८

पाठ २ : स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार ........................................ २१

पाठ ३ : स्थानीय बाजागाजा र नाच ........................................ २३

**एकाई छ : स्थानीय पेशा, व्यवसाय प्रविधि र उद्यमशीलता ........................................ २६**

पाठ १ : कृषि ........................................ २६

पाठ २ : परम्परागत व्यापार व्यवसाय ........................................ २९

पाठ ३ : स्थानीय प्रविधिमा आधारित उद्योग व्यवसाय ........................................ ३१

**एकाई सात : सामाजिक मूल्य मान्यता र असल संस्कार ........................................ ३४**

पाठ १ : असल संस्कार ........................................ ३४

पाठ २ : सन्तुलन भोजन ........................................ ३५

**एकाई आठ : स्थानीय खेलकुद र योग ........................................................................ ३७**

पाठ १ : स्थानीय खेलकुद, योग, ब्यायाम ........................................................................ ३७

**एकाई नौ :हरित विद्यालय ........................................................................ ४०**

पाठ १ : हाम्रो बाल बगैंचा ........................................................................ ४०

पाठ २ : हाम्रा विद्यालयका फूलहरू ........................................................................ ४१

# एकाई एक


# परिचय

## पाठ १ सिद्धलेक गाउँपालिकाको परिचय

### परिचय



मेरो नाम प्रिन्सल अर्याल हो । मेरो गाउँपालिकाको नाम सिद्धलेक हो । म बस्ने टोलको नाम सुन्दरीपानी हो । यो टोल सिद्धलेक गाउँपालिकाको वडा नं. २ मा पर्छ । म कक्षा १ मा पढ्छु । मेरो विद्यालयको नाम नलाङ आधारभूत विद्यालय हो । मेरो विद्यालय सुन्दरीपानी टोलमा पर्छ । मेरो विद्यालय सिद्धलेक गाउँपालिकाको वडा नं. २ मा पर्छ ।




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## क्रियाकलाप

१. खेलको माध्यमबाट विद्यार्थीलाई टोलगत समूहमा विभाजन गरी एक समूहको साथीले अर्को समूहको साथीलाई टोलको नाम सोध्न र भन्न लगाउनुहोस् ।



### अभ्यास

१. खाली ठाउँ भर्नुहोस्

(क) म ............................................................ टोलमा बस्छु ।

(ख) मेरो गाउँपालिकाको नाम ............................................................ हो ।

(ग) म ..................................... गाउँपालिकाको वडा नं. ............... मा बस्छु ।

(घ) मेरो विद्यालय रहेको टोलको नाम .................................................. हो ।

(ङ) मेरो विद्यालय सिद्धलेक गाउँपालिकाको वडा नं. .................... मा पर्छ ।

# पाठ २ गाउँपालिकाको भौगोलिक र राजनैतिक विभाजन

## परिचय

सिद्धलेक गाउँपालिकामा सात वटा वडाहरू छन् । हाम्रो सिद्धलेक गाउँपालिका डाँडा–पाखा, खोल्साखाल्सा र वस्तीहरूले बनेको छ । हामी सबै आ–आफ्नो टोलमा बस्छौँ । सुनिता सिद्धलेक–३ को गैरीगाउँमा बस्छिन् । बिहान खाना खाएर उनी विद्यालय जान्छिन् । उनको घरबाट निस्किँदा सानो गोरेटो बाटो आउँछ । त्यो बाटो खेतबारी हुँदै जान्छ । अलि माथि पुगेपछि कच्ची बाटो आउँछ । त्यसलाई गाउँघरमा 'गैरीगाउँ सडक' भन्ने गरिन्छ ।

## क्रियाकलाप

**१. तल दिइएको सिद्धलेक गाउँपालिकाको नक्सा हेरी तपाईं बस्ने वडा देखाउनुहोस् ।**

## अभ्यास

**१. तलका भनाइहरू ठिक भए (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।**

(क) सुनिता सिद्धलेक गाउँपालिकामा बस्छिन् । ( )

(ख) सिद्धलेक गाउँपालिकामा ५ ओटा वडाहरू छन् । ( )

(ग) सुनिताको गाउँमा रहेको बाटोको नाम 'गैरीगाउँ सडक' हो । ( )

**२. तपाईं बस्ने गाउँपालिकाको नाम के हो ?**

उत्तरः म बस्ने गाउँपालिकाको नाम ........................................................ ।

**३. तपाईंको टोलमा रहेको बाटोको नाम लेख्नुहोस् ।**

उत्तरः मेरो टोलमा रहेको बाटोको म........................................................ हो ।

**४. तपाईंको टोलमा बस्ने दुई जना साथीको नाम लेख्नुहोस्।**

एकाई दुई

# प्राकृतिक स्रोत सम्पदा र वातावरण संरक्षण

## पाठ १ स्थानीय बोटविरूवा

### परिचय

हाम्रो वरिपरि पाइने साना–ठूला हरिया बिरुवाहरूलाई स्थानीय बोटबिरुवा भनिन्छ । यी माटोमा उम्रन्छन् र पानी, हावा तथा घामको सहयोगले बढ्छन् । जस्तैः रुख, फूल, घाँस आदी ।

### स्थानीय बोटविरुवाका प्रकारः

स्थानीय बोटबिरुवालाई सजिलै बुझ्नका लागि ३ प्रकारमा बाँड्न सकिन्छः

१. **रूख**

ठूला र अग्ला हुन्छन् ।

बलियो डाँठ र हाँगा हुन्छ ।

जस्तै आँप, पीपल



२. **झाडी**

मध्यम उचाइका हुन्छन् ।

धेरै साना हाँगाहरू हुन्छन् ।

जस्तैः गुलाफ, चमेली



३. **घाँस**

साना र नरम हुन्छन् ।

जमिन नजिकै उम्रन्छन्।

जस्तैः दुबो, घाँस



## स्थानीय बोटविरुवाको महत्त्व

बोटबिरुवाको धेरै महत्त्व हुन्छ ।

- हामीलाई अक्सिजन दिन्छन् ।
- यिनिहरूले हामिलाई खाना फलफूल, तरकारी, दिन्छन् ।
- छायाँ दिन्छन् ।
- बोटविरुवाहरूले वातावरण सफा राख्छन् ।
- जनावरलाई खाना दिन्छन् ।

### क्रियाकलाप

**१. तपाईंको घरवरिपरी भएको बोटबिरुवाहरूको नाम अभिभावकलाई सोधेर आउनुहोस् ।**

**२. विद्यालय वरपर भएका बोटबिरुवाहरूको शिक्षकको सहयोगमा अवलोकन गरी पहिचान गर्ने प्रयास गर्नुहोस् ।**

### अभ्यासः

**(१) तलको भनाई पढेर ठिक भए (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।**

क. आँपको बोटबाट फल प्राप्त हुन्छ । (   )

ख. दुबो रुख हो । (   )

ग. गुलाब फुल हो । (   )

घ. पिपल फलफूलको रुख हो । (   )

ङ. आँप माटोमुनि फल्छ । (   )

(२) दिइएका प्रश्नको उत्तर दिनुहोस्।

क. तपाईंको वरपर पाईने दुईवटा विरुवाको नाम लेख्नुहोस्।

१. ...................................... २. ......................................

ख. बोटबिरुवाबाट हामीलाई के फाइदा हुन्छ? बताउनुहोस् ।

### परियोजना कार्य

आफ्नो विद्यालयको प्राङ्गणमा एउटा विरुवा ल्याइ रोप्नुहोस् ।

# पाठ २ स्थानीय जीवजन्तु

## चित्र हेरौं र छलफल गरौः

### परिचय



स्थानीय जनावर भन्नाले हाम्रो घर गाउँ वा वरिपरि सजिलै पाइने जनावरहरूलाई स्थानीय जीवजन्तु भनिन्छ यी जनावरहरू मानिससँग नजिक भएर बस्छन् र मानिसको जीवनमा यी जनावरहरू धेरै उपयोगी हुन्छन् ।

**उदाहरणहरू:** गाईभैंसी, बाख्रा, कुकुर, बिरालो आदि ।

स्थानीय जीवजन्तुका विशेषता:

घर वा गोठमा पालिन्छ ।

मानिसहरूसँग मिलेर बस्छन् ।

सजिलै देख्न पाइन्छ ।

### उपयोगिता:

- गाईले दुध दिन्छ ।
- कुकुरले घरको सुरक्षा गर्छ ।
- बिरालोले मुसा मार्छ ।

## क्रियाकलाप

**१. तपाईंको घर वरिपरि भएका जीवजन्तुहरूको नाम लेखी शिक्षकलाई सुनाउनुहोस् ।**

## अभ्यास

१. **ठिक भए ठिक (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।**

(क) गाईले दुध दिइन्छ । ( )

(ख) कुकुरले घरको सुरक्षा गर्छ। ( )

(ग) बिरालोले मुसा मार्दैन । ( )

(घ) कुखुराबाट मासु प्राप्त हुन्छ । ( )

२. **जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| भैसी | घरको सुरक्षा गर्छ। |
| कुखुरा | दुध दिन्छ। |
| कुकुर | मुसा मार्छ। |
| बिरालो | अण्डा दिन्छ। |

३. **दिइएको प्रश्नको उत्तर दिनुहोस्।**

**क) दुईवटा घरमा पालिने जनावरको नाम लेख्नुहोस्।**

१)................................... २)...............................

**ख) कुखुराबाट हामी के के पाउछौँ?**


...........................................................................

**परियोजना कार्य**

**शिक्षकको सहायतामा एउटा जनावरको चित्रकोरी रङ लगाउनुहोस्।**

## पाठ ३ जलस्रोत

### परिचय




स्थानीय क्षेत्रमा पाइने जलस्रोत भन्नाले हाम्रो गाउँ टोल वा वरिपरि पाइने पानीका स्रोतहरूलाई जनाउँछ यी स्रोतहरूबाट हामीले दैनिक जीवनमा प्रयोग गर्नको लागि पानी पाउँछौं ।

**उदाहरण:** धारा पानी आउने ठाउँ कुवा पोखरी खोल्सा वा खोला झरना ।

### विशेषता :

- घर वरिपरि सजिलै पाइन्छ।
- पिउन खाना पकाउन कपडा धुन आदिका लागि प्रयोग हुन्छ।
- बिरुवामा हाल्न प्रयोग गरिन्छ।
- जनावरलाई खानको लागि चाहिन्छ।
- बिजुली निकाल्न सकिन्छ।

**क्रियाकलाप:**

**शिक्षकले जलस्रोतसँग सम्बन्धीत चित्र देखाएर नाम भन्न लगाउने ।**

## अभ्यास

**परम्परागत धाराको चित्र बनाई रङ भर्नुहोस् ।**

**सही विकल्पमा (√) चिन्ह लगाउनुहोस्**

१. **तपाईं कुन स्रोतको पानी खानुहुन्छ?**

१. धारा २. कुवा ३. इनार ४. पोखरी

## पाठ ४ फोहोरमैला व्यवस्थापन

### चित्र हेरौं र छलफल गरौं

### परिचय




एकदिन राम र सीता खेल्दै थिए। रामले चकलेट खायो र खोल बाटोमा फाल्यो । सीताले भनिन्, "राम त्यहाँ फोहोर नफाल" रामले सोध्यो, किन ?

सीताले भनिन् "फोहोर डस्टबिनमा फाल्नुपर्छ। यसले हाम्रो ठाउँ सफा हुन्छ" रामले तुरुन्त फोहोर उठायो र डस्टबिनमा हाल्यो। अब उनीहरू सफा ठाउँमा खुसी साथ खेल्न थाले।

### क्रियाकलाप

**एक शिक्षकले चकलेटको खोल केराको बोक्रा कापीका टुक्रा आदि फोहोरहरू देखाएर यो फोहोर कहाँ फाल्नुपर्छ भन्ने कक्षामा छलफल गराउनुहोस् ।**

### अभ्यास:

**१. ठिक भए ठिक (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।**

(क) हामीले फोहोरलाई डस्टबिनमा फाल्नुपर्छ । ( )

(ख) चक्लेट खाएर चकलेटको खोल बाटोमा फाल्नुपर्छ। ( )

(ग) कागजका टुक्राहरू जथाभावी फाल्नुपर्छ। ( )

(घ) सिसा कलम तिखार्दा निस्केको धुलो डस्टबिनमा हाल्नुपर्छ। ( )

## २. उत्तर भन्नुहोस्।

१. विद्यालयबाट निस्केको फोहोर कहाँ फाल्नुपर्छ?

२. रामले चक्लेटको फाहोर कहाँ फाल्यो?

३. तपाईंको घरबाट निस्केको फोहोर कहाँ फाल्नुहुन्छ?

**परियोजना कार्य**

**विद्यालयबाट निस्कने फोहोर सही तरिकाबाट विर्सजन गर्न डस्टबिन प्रयोग गर्न सिकाउने।**

एकाई तीन

# प्रकोप र विपद् व्यस्थापन

## पाठ १ प्राकृतिक र मानव निर्मित प्रकोप

### चित्र हेरौं र छलफल गरौं






### परिचय

अचानक घट्ने घटनालाई विपद् भनिन्छ। विपद् मानव निर्मित र प्राकृतिक गरी दुई प्रकारका हुन्छन्। जसले, मानिसको सामाजिक आर्थिक पक्षलाई क्षति पुर्‍याउँछ । जस्तै बाढी, पहिरो, भूकम्प, आगोलागी आदि।

प्रकोपबाट बच्नेकामलाई विपद् व्यवस्थापन भनिन्छ। प्रकोपबाट बच्ने उपायहरू निम्नअनुसार छन्।


- भुकम्प आउँदा सुरक्षित ठाउँमा बस्ने।
- आगोसँग खेल्नुहुदैन।
- खोला नदी किनारमा नजाने।
- हावाहुरी असिना आउदा घर भित्र बस्ने।
- बिजुलीको पोल नजिक नखेल्ने।

### क्रियाकलाप

१. **विद्यार्थीलाई विद्यालय नजिकको पहिरो वा नदी कटान वा डुबानको अवलोकन गराउने।**

२. **प्राकृतिक प्रकोप सम्बन्धी भिडियो वा चित्र प्रदर्शन गर्ने।**

## अभ्यास



चित्रः परियोजना कार्य

१. चित्र हेरेर पहिचान गर्नुहोस् ।

२. कुनै एक प्राकृतिक विपद्को नाम बताउनुहोस् ।

३. जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| पहिरो | भुकम्प |
| आगलागी | बाढी |
| भुकम्प | पहिरो |
| बाढी | आगलागी |

४. मिल्ने विकल्पमा ठिक चिन्ह लगाउनुहोस्।

१. भुकम्प कस्तो घटना हो?

(क) खेल

(ख) प्रकोप

(ग) पर्व

२. बाढी आउँदा कहाँ जानुपर्छ?

(क) खोला नजिक

(ख) फराकिलो ठाउँ

(ग) अग्लो ठाउँ

३. आगलागी हुदाँ के गर्नुपर्छ?

(क) सुरक्षित ठाउँमा जाने

(ख) रमाइलो गर्ने


(ग) आगोसँग खेल्ने

एकाई चार

# धार्मिक एतिहासिक तथा पर्यटकीय स्थल

## पाठ १ स्थानीय धार्मिक तथा एतिहासिक स्थलहरू

**सिद्धलेक गाउँपालिकामा रहेका प्रसिद्ध धार्मिक स्थलको चित्र हेरी र छलफल गरौं।**



मुक्तिनाथ मन्दिर



विश्व भागवत धाम



सिद्धबाबा मन्दिर



बागबच्छाला मन्दिर



मण्डली पवित्र चर्च



छेदुङ गुम्बा

हामी सिद्धलेक गाउँपालिकामा बस्छौं । सिद्धलेक गाउँपालिकामा धेरै मठमन्दिरहरू छन् । यहाँ चर्च र गुम्बाहरू पनि छन्। हामी मन्दिरमा पुजा आराधाना गर्न जान्छौं । चर्च र गुम्बामा भजन र आराधाना गरिन्छ। मठमन्दिर जादा शान्त भएर बस्नुपर्छ ।

## क्रियाकलाप

**तपाईंको आ–आफ्नो बुबा आमालाई सोधेर नजिकको गाउँमा भएको धार्मिक स्थलहरूको कुनै ३ ओटाको नाम कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यासः

### १. खाली ठाउँ भर्नुहोस् ।

क) हामी मठमन्दिरमा ..............................गर्न जान्छौ ।

ख) चर्च र गुम्बामा ...................... गरिन्छ ।

ग) मठमन्दिरमा जादा ................ भएर बस्नुपर्छ ।

### २. जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| मुक्तिनाथ | गुम्बा |
| पवित्र मण्डली | मन्दिर |
| छेजुङ | चर्च |

### ३. दिइएका प्रश्नको उत्तर दिनुहोस्।

(क) तपाईंको घर वा विद्यालय नजिक रहेको एक मन्दिरको नाम बताउनुहोस् ।

(ख) हामी मन्दिर किन जान्छौ ?

## परियोजना कार्य

**तल दिइएको चित्रमा रङ भर्नुहोस् ।**




एकाई पाँच

# स्थानीय भाषा जातजाति भेषभुषा चाडपर्व र संस्कृति

## पाठ १ स्थानीय जातजातिहरू

### चित्र हेरौं र कुन जातिको रहेछ चिनौ ।


गुरुङ


ब्राह्मण


क्षेत्री


नेवार


तामाङ


मगर

सिद्धलेक गाउँपालिकामा विभिन्न जातजातीका मानिसहरू बसोबास गर्छन्। राम बहादुरको घर सलाङ हो। उनका गाउँका मानिसहरू मगर भाषा बोल्छन्। उनीहरू मगर भेषभुषामा रमाउँछन्।

खेसाङको घर नयाँ वस्ती हो।उनी तामाङ समुदायमा हुर्केका हुन्। उनका समुदायका मानिस

तमाङ भाषा बोल्छन्।उनीहरू तमाङ भेषभुषा प्रयोग गर्छन्। उनीहरू ल्होसार मनाउँछन्।उनीहरू दोचा र बख्खु लगाउछन्।

पाल्लेमा बस्ने नेवारहरू नेवारी भेषभुषा लगाउँछन्। गुरुङहरूको पनि आफ्नै भाषा छ। यहाँ बाहुन, क्षेत्री, ठकुरी तथा दलितहरू लगायत विभिन्न जातजाती बसोबास गर्छन्। उनीहरूको आफ्नै भेषभुषा र भाषा संस्कृति छ।

### क्रियाकलाप

१. **आफ्नो बुबा आमालाई सोधेर तपाईंको समुदायमा रहेको जात जातिहरूको सूची तयार पारी नाम टिपोट गरी कक्षामा छलफल गर्नुहोस्।**

२. **जोडा मिलाउनुहोस्।**



तामाङ



नेवार



मगर



क्षेत्रि



गुरूङ

### ३. ठिक विकल्पमा ठिक चिन्ह लगाउनुहोस्।

**१. मगर जातिहरू कुन भाषा बोल्छन्?**

क. गुरुङ

ख. मगर

ग. नेवारी

**२. तामाङहरू कस्ता भेषभुषा लगाउँछन्?**

क. सर्ट पाइन्ट

ख. बख्खु

ग. कट्टु

**३. सिद्धलेक गाउँपालिकाको पाल्लेमा विशेष गरेर कुन जातिको बसोबास रहेको छ?**

क. नेवार

ख. बाह्मण

ग. क्षेत्री

**४. उत्तर दिनुहोस्।**

क. तपाईंको समुदायमा बस्ने पाँच जातिको थर लेख्नुहोस्।

ख. तपाईंको समुदायमा चाडपर्वमा कस्तो पोशाक लगाइन्छ?

ग. ल्होसार कुन जातिको पर्व हो?

**परियोजना कार्य**

**शिक्षकले आफ्नो नाम थर र ठेगाना बताई बालबालिकालाई पनि आफ्नो परिचय दिन लगाउनुहोस्।**

## पाठ २ स्थानीय चाडपर्व, रितीरिवाज र संस्कार

### हेरौँ र छलफल गरौँ

**चाडपर्व**



| | | |
|---|---|---|
| दशैँ आयो | तिहार आयो | तिज आयो |
| खुशी ल्यायो | खुशी ल्यायो | मिठो दर खान हो |
| टीका लगाउँछु | देउसी भैलौ खेलौला | रातो साडी लाएर |
| आशीर्वाद पाउँछु | दिदि भाइ मिलेर टिका लगाउला | नाच्न जाने हो |
| नयाँ लुगा लगाउँछु | फुलको माला लगाइ रमाइलो गरौला | मन्दिरमा गएर |
| रमाइलो गर्छु | | शिवजीको पुजा गर्ने हो |

### क्रियाकलाप

**चाडपर्वको चित्र देखाइ कुन चाडपर्व हो ? चित्र लगाउनुहोस्।**

## १. उत्तर लेख्नुहोस्

(क) तपाईंलाई मन पर्ने कुनै तिनवटा चार्डपर्वको नाम लेख्नुहोस्।

(ख) दसैंमा के के परिकार खाइन्छ ?

(ग) तिहारमा के गरीन्छ?

(घ) तिजमा कुन भगवानको पुजा गरीन्छ?

## २. मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस्।

**दशै, मासु, चिउरा, नयाँ, नातेदार, सम्मान**

हाम्रो स्थानीय चाडहरू मध्य एउटा चाड ............ हो । यस चाडमा ............ खान्छौं । ................लुगा लगाउँछौं । घरमा ............ आउछन् । उनीहरूलाई हामी............... गर्छौं।

## ३. अभिनय गरौं

**समूहमा मिलेर चाडपर्व मनाएको अभिनय गर्नुहोस् :**

## ४. चित्र देखाइ छलफल गर्नुहोस्।

(क) देउसी भैलो भाग्दै गरेको

(ख) दशैमा टिका लगाउदै गरेको

(ग) होली खेलेको

(घ) ल्होसार मनाउदै गरेको

## ५. जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| दशै | सेलरोटी |
| तिहार | दर |
| तिज | मासूचीउरा |

## पाठ ३ स्थानीय बाजागाजा र नाच


### हाम्रो स्थानीय बाजाहरू र नाचहरू हेरौँ।


मादल


बाँसुरी


सारङ्गी



झ्याली


डम्फु


नरसिंह

### नाँचहरू


रत्यौली


लाखे नाँच /मेला जात्रा

## क्रियाकलाप

१. तपाईंलाई थाहा भएको अन्य बाजाहरूको बारेमा कक्षामा छलफल गर्नुहोस्

२. मादल बजाइ लोकगीतमा नाच्न लगाउने।

३. तलका चित्रहरूसँग जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
|  | बासुरी |
|  | लाखे नाँच |
|  | सारङ्गी |
|  | विवाह |

४. विकल्पमा ठिक चिन्ह लगाउनुहोस्।

१. विवाहमा कुन बाजा बजाईन्छ

(क) सारङ्गी

(ख) बासुरी

(ग) नौमती

**२. विवाहमा नाचिने नाचलाई के भनिन्छ**

(क) लाखे

(ख) रत्यौली

(ग) सेलो

**३. लाखे नाच कुन समयमा नाचिन्छ**

(क) जात्रा मेला

(ख) दशै

(ग) तिहार

**परियोजना कार्य**

**बाँसुरीको चित्र बनाउनुहोस्।**

एकाई छ

# स्थानीय पेशा, व्यवसाय प्रविधि र उद्यमशीलता

## पाठ १ कृषि

### हाम्रो गाउँका बालीनाली





### परिचय:











हाम्रो सिद्धलेक गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ । यहां खोला किनारका फाँटहरू तथा अन्य खेत र बारीहरूमा प्रशस्त धान, मकै, कोदो, गहूँ, र जौ फल्दछन् । यिनीहरूलाई अन्नबाली भनिन्छ । यही अन्नहरू खाएर नै मानिसहरू बाँचेका हुन्छन् । हामीले दैनिक खाने खाना यिनै अन्नहरूबाट बन्छन्। हाम्रो मुख्य पाँच अन्नबालीहरू यि हुन् ।

**मुख्य पाँच अन्नबालीहरू:**

**१. धान  २. मकै  ३. कोदो  ४. जौ  ५. गहुँ**

## अभ्यास

### १. छलफल गरी खालीठाँउमा सही उत्तर लेख्नुहोस् ।

(क) तपाईंलाई मकैको कुन परिकार मनपर्छ? (जाउलो / ढिँडो )

मलाई मकैको .......मन पर्छ ।

(ख) धान कहाँ फल्छ? ( खेतमा / बारीमा )

धान ........ फल्छ ।

(ग) जाडो महिनामा फल्ने अन्न कुन हो ? (धान / गहूँ )

जाडो महिनामा फल्ने अन्न ..........हो ।

(घ) धानबाट ........... बन्छ । ( पिठो / चामल )

(ङ) कोदोको रङ ............ हुन्छ । ( कालो / निलो )

### २. चित्रमा दिइएका अन्नहरूको नाम लेख्नुहोस् ।

| | | |
|---|---|---|
|  |  |  |
| ...................... | ........................... | ......................... |

## क्रियाकलाप

१. **स्पर्श र पहिचान:** शिक्षकले कक्षामा पाँचवटा छुट्टाछुट्टै भाँडामा यी अन्नका दाना राख्ने र विद्यार्थीलाई आँखा चिम्लेर छोएर चिन्न लगाउने ।

२. **बोट सहित बाली देखाएर चित्र लगाउने ।**

३. **गितबाट सिकाइः** "मकै खायो कुरुम-कुरुम, धानको चामल मिठो
रोटी ढिडो पकाउने गँहू कोदोको पिठो
जौ खेती राम्रो हुन्छ सुन बाबुनानी
खेतबारीमा खेती गरौं सिंचाइ गर्दै पानी.....

जस्ता स्थानीय लयका गीत गाउँदै बालीका बारेमा सिकाउने ।

४. **रङ भर्नुहोस् :** आफ्नो कापीमा स्याउको एउटा चित्र बनाइ र त्यसमा रङ भर्नुहोस् ।

५. **चित्र मिलान:** शिक्षकको सहायतामा एकातिर अन्नको नाम जस्तैः धान, मकै र अर्कोतिर त्यसको चित्र राखेर जोडा मिलाउने ।

६. **उत्तर दिनुहोस्।**

(क) तपाईंको खेतबारी फल्ने अन्नको नाम लेख्नुहोस्।

(ख) दुईवटा तरकारीको नाम लेख्नुहोस्।

(ग) दुईवटा फलफूलको नाम लेख्नुहोस्।

### परियोजना कार्य

**क. अन्नका दानाहरू जम्मा गरी कापीमा गम लगाई टासेर आफ्नो नाम लेख्नुहोस्।**

**ख. शिक्षक वा स्थानीय व्यक्तिको सहायता लिई मादल बजाउने अभ्यास गराउनुहोस्।**

# पाठ २ परम्परागत व्यापार व्यवसाय

## स्थानीय बजार र गाउँघरमा हुने व्यापार व्यवसायहरूको नाम



हाम्रो समूदायमा साना-ठूला धेरै पसलहरू छन्। हामी सामान चाहिँदा पसलमा जान्छौँ । किराना पसल, चिया पसल र तरकारी पसलहरू छुट्टाछुट्टै छन् । किताब, कापी, सिसाकलम आदि किन्न पाइने ठाउँ पनि छुट्टै रहेको छ ।

हाम्रो गाउँघरमा रहेका केही पसलहरू यस प्रकार छन् ।

**किराना पसल:** चामल, दाल, तेल, नुन, बिस्कुट आदि पाइने ठाउँ ।

**चिया पसल:** मानिसहरू बसेर चिया र खाजा खाने ठाउँ

**तरकारी पसल:** गाउँकै ताजा काउली, बन्दा र सिमी आदि तरकारि पाइने ठाउँ ।

**कपडा पसल:** हामीलाई चाहिने लुगाफाटा पाइने ठाउँ ।

**स्टेसनरी पसल :** किताब, कापी, सिसाकलम आदि किन्न पाइने ठाउँ ।

### अभ्यास

**१. तल दिइएका प्रश्नहरूको उत्तर छलफल गर्नुहोस् ।**

(क) तपाईंको गाउँमा भएका ५ वटा पसलहरूको नाम भन्नुहोस् ।

(ख) तपाईंको घर नजिकै कुन पसल छ ?

(ग) तपाईंको गाउँको बजारको नाम के हो ? भन्नुहोस् ।

(घ) तपाईंले पसलबाट किनेर ल्याएको कुनै दुईवटा सामानको नाम लेख्नुहोस् ।

२. दिइएका सामानहरू कहाँ पाइन्छ, शिक्षकको सहयोगमा जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| कापी कलम | कपडा पसल |
| चिनी, नुन | स्टेशनरी पसल |
| काउली, आलु | किराना पसल |
| लुगा, टोपी | तरकारी पसल |

**क्रियाकलाप:**

१. शिक्षकले विद्यार्थीलाई नजिकैको पसलमा लैजाने र त्यहाँ के-के सामान छ, सोध्ने ।

२. पसलमा रहेका सामानहरूको आधारमा त्यो पसलको कस्तो पसल हो, छलफल गराउने ।

# पाठ ३ स्थानीय प्रविधिमा आधारित उद्योग व्यवसाय

स्थानीय ठाउँमा उत्पादन हुने वस्तुहरू

## परिचयः

कौशिला र पासाङले आफ्नो गाउँ घुम्दै स्थानीय सीप र कलाको अवलोकन गरे। उनीहरूले आरनमा फलामबाट कुटो- कोदालो बनेको, तानमा राडी-पाखी बुनेको र बाँसका चोयाबाट डोको-डाला तयार पारेको देखे । खोलाको पानीबाट चल्ने घट्ट र दही मथेर नौनी निकालेको देख्दा उनीहरू चकित परे। आफ्नै गाउँका मानिसहरूको यस्तो राम्रो काम देखेर उनीहरू निकै खुसी भए ।

### स्थानीय स्तरमा परम्परागत औजारहरूको प्रयोग गरी गरिने उत्पादनहरूः

**घट्ट (Pani Ghatta):**

खोलाको पानीबाट चल्ने यस प्रविधिबाट मकै, कोदो, फापर र गहुँको पिठो उत्पादन गरिन्छ।





**ठेकी र मदानी :**

दही मथेर मोही, नौनी र घिउ बनाउन ।

**ढिकी र ओखल :**

धान कुटेर चामल बनाउन ।






**अचार र गुन्द्रुकः**

सागपात र फलफूलबाट बनाइने।


**बाँस र बेतबाँसका सामानः**

डोको, डालो, नाङ्लो, मुढा र फर्निचरहरू बनाउन ।



**घरायसी र खेतीपातीका सामग्रीः**

हलो, कोदालो र हँसिया



हलो



कोदालो



हसिया

## क्रियाकलाप

**शिक्षकले विद्यार्थीलाई नजिकको पानी घट्ट, ढिकी, अचार बनाउने जस्ता ठाँउको अवलोकन गराउने ।**

## अभ्यास

१. तलका मध्ये तपाईंले कुन कुन वस्तुहरू देख्नु भएको छ ? देख्नु भएकालाई ठिक र नदेख्नु भएकालाई बेठिक लेख्नुहोस्।

| वस्तुहरू | ठिक वा बेठिक |
|---|---|
| पानी घट्ट | |
| ढिकी | |
| जातो | |
| गुन्द्री | |
| भकारी | |
| ठेकीमदानी | |
| नाम्लो | |
| कपडाको तान | |

२. तपाईंको गाउँमा भएको कुनै २ वटा स्थानीय प्रविधिमा आधारित उद्योग व्यवसायको नाम लेख्नुहोस् ।

१. ............................................................ २. ............................................................

३. नौनी कसरी बनाइन्छ ? बताउनुहोस् ।

४. जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| पानी घट्ट | गुन्द्रुक |
| साग | राडी |
| हलो | मकै पिस्न |
| तान | गोरु जोत्न |

### परियोजना कार्य

शिक्षकको सहायताले ढिकीको चित्र बनाउनुहोस्।

एकाई सात

# सामाजिक मूल्य मान्यता र असल संस्कार

## पाठ १ असल संस्कार

### तलका चित्र हेरी छलफल गर्नुहोस् ।



**पास्नीः**भात खुवाई ( अन्नप्राशन ) सानो बच्चाको महत्वपुर्ण संस्कार हो । यो संस्कारमा बच्चालाई पहिलो पटक भात खुवाइन्छ । प्राय छोराको लागि छैटौ महिनामा र छोरीको लागि पाँचौ महिनामा गरिन्छ । यस दिन परिवारका सदस्य र आफन्तहरू जम्मा हुन्छन् । बच्चालाई नयाँ लुगाा लगाइन्छ र पुजा गरिन्छ । त्यसपछि आमा बुवा वा हजुरवुवा हजुरआमाले बच्चालाई भात खुवाउनुहुन्छ । सवैले बच्चालाई आर्शिवाद दिन्छन् र खुसी साटासाट गर्छन् ।

### भात खुवाउँदा खुवाईने केहि खानाहरूको नामहरू

भात, दाल, तरकारी, माछामासु, दही, दुध, मिठाई फलफूल आदी ।

## अभ्यास

**१. ठिक भए (√) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।**

(क) छोराको भात खुवाई छ महिनामा गरिन्छ । ( )

(ख) छोरीको भात खुवाई पाँच महिनामा गरिन्छ । ( )

(ग) बच्चालाई फोहोर हातले भात खुवाउनु हुन्छ । ( )

(घ) बच्चालाई भात खुवाईमा नयाँ कपडा लगाइन्छ । ( )

**२. तलका प्रश्नको उत्तर दिनुहोस्।**

क. पाश्नी भन्नाले के बुझिन्छ?

ख. छोराको पाश्नी कति महिनामा गरीन्छ?

ग. पाश्नीलाई अर्को शब्दमा के भनिन्छ?

# पाठ २ सन्तुलन भोजन


## चित्र हेरौं, बुझौँ ।

| | | |
|---|---|---|
|  |  |  |
| सेलरोटी | दुध | दाल |
|  |  |  |
| अण्डा | भात | खुवा |
|  |  |  |
| पानी | ढिडो | गुन्द्रुक |

१. तालिका भर्नुहोस् ।

| खान हुने खाने कुराहरू | खान नहुने खाने कुराहरू/जङ्क फुड |
|---|---|
| | |
| | |
| | |
| | |

२. जोडा मिलाउनुहोस् ।



दुध



अण्डा



सेलरोटी



ढिडो

३. तपाईंको घरमा खाने खानेकुराहरूको नाम लेख्नुहोस् ।

१. .....................................

२. .....................................

३. .....................................

४. .....................................

५. .....................................

**क्रियाकलाप**


१. दिवा खाजामा रहेका पोषणयुक्त खानेकुराहरू अवलोकन गराउने ।

# एकाई आठ
# स्थानीय खेलकुद र योग

## पाठ १ स्थानीय खेलकुद, योग, ब्यायाम

**चित्र हेरौं, बुझौँ ।**

















## अभ्यास

### १. तालिका भर्नुहोस् ।

| घरभित्र खेलिने खेलहरू | घरबाहिर खेलिने खेलहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

### २. जोडा मिलाउनुहोस् ।



बाघचाल



रुमाल लुकाइ



चेस



डण्डी बियो

३. दिएको चित्रहरूमा रङ भर्नुहोस् ।





## क्रियाकलाप



१. विद्यार्थीहरूलाई शिक्षकले चौरमा लगेर रूमाल लुकाई अथवा स्थानीय स्तरमा खेलिने खेल खेलाउने।

२. भिडियो तथा चित्र देखाई योग तथा ध्यान अभ्यास गराउने।

३. ज्ञान मुद्रामा बस्न लगाउने।

एकाई नौ

# हरित विद्यालय

## पाठ १ हाम्रो बाल बगैँचा

### चित्र हेरौँ र छलफल गरौँ




**परिचय**

रामको विद्यालयमा बालबालिकाले खेल्दै, रमाउदै सिक्ने सानो बगैँचा छ। यसलाई बाल बगैँचा भनिन्छ। बगैँचामा फूल र तरकारी हुन्छन्। बगैँचा हरियो र सुन्दर हुन्छ।

### क्रियाकलाप

**सम्पूर्ण विद्यार्थीहरूलाई बाल बगैँचाको अवलोकन गर्न लगाई कक्षामा बिरुवाहरूको नाम लेखी संरक्षण गर्ने तरीका प्रस्तुत गर्न लगाउने।**

### अभ्यास

**१. तलका प्रश्नहरूको जवाफ दिनुहोस्।**

क. बाल बगैँचा भनेको के हो?

..........................................................................................

ख. बाल बगैँचामा भएका दुई ओटा बिरुवाहरूको नाम लेख्नुहोस्।

..........................................................................................

**२. परियोजना कार्य(Project Work)**

**"बाल बगैँचाको" चित्र बनाउनुहोस्।**

# पाठ २ हाम्रा विद्यालयका फूलहरू

## चित्र हेरौँ र छलफल गरौँ







## परिचय

निमाको विद्यालयमा विभिन्न प्रकारका सुन्दर फूलहरू फुल्छन्।फूलहरू रातो, पहेंलो र निलो रंगका हुन्छन।फूलहरूले वातावरणलाई सुन्दर र सफा बनाउँछन्।हामीले फूलहरूलाई माया र हेरचाह गर्नुपर्छ। लालीगुराँस हाम्रो राष्ट्रिय फूल हो।

## क्रियाकलाप

**सम्पूर्ण विद्यार्थीहरूलाई बाल बगैँचाको अवलोकन गर्न लगाई आफूलाई मनपर्ने फूलहरूको नाम लेखी कक्षामा प्रस्तुत गर्न लगाउने।**

## उत्तर भन्नुहोस्।

(क) हाम्रो देश नेपालको राष्ट्रिय फूल कुन हो?

(ख) फुल कस्ता कस्ता रङका हुन्छन्?

## अभ्यास

१. जोडा मिलाउनुहोस्।

कमल



गुलाफ



सयपत्री



सूर्यमुखी



मखमली



**परियोजना कार्य (Project Work)**

**तपाईंलाई मनपर्ने फूलको चित्र बनाई रङ्ग भर्नुहोस्।**

# राष्ट्रिय गान









सयौं थूँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।





रचनाकार : ब्याकुल माईला संगीतकार : अम्बर गुरुङ

# सिद्धलेक गान

सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक
पुर्खादेखि पुजिएको सिद्धभूमि सिद्धलेक
नलाङ, सलाङ, कुम्पुर हुँदै उभिएको सिद्धलेक
त्रिशूली र गण्डकीलाई साक्षी राखी दाँया बायाँ
संस्कृति र प्रकृतिले सजिएको सिद्धलेक
सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक
पृथ्वीको गर्व नाप्ने संसारकै गह्रौ चट्टान
थोपल, बुङचुङ, पाटी पौवा, साततले र बेनी दोभान
नागपोखरी, बूढो सिमल, लेकै डाँडा, ढेवालेक
काँडे भ्याकुर, ढुकुर, तित्रा, वनस्पति फुल्छन् अनेक
टारै, टार टार माथि शिरको भूमि सिद्धलेक

सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक
कालु पाण्डे मार्ग हुँदै कालु पाण्डे हिंड्ने जस्तो
सिद्धबाबा गुफाभित्र तपस्यामा छन् कि जस्तो
पशुपालन, कृषि, शिक्षा, पर्यटनको उर्वर माटो
प्रविधि र भौतिक विकास विकासको मूलबाटो
सबै जाति संस्कृतिको साझा भूमि सिद्धलेक
सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक सिद्धलेक

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल